मिति : २०७४ साल असोज ९ गते
समय : विहान ८.०० बजे

स्थान : धनकुटा नगर कार्यपालिकाको कार्यालय
बैठक : धनकुटा नगर कार्यपालिका कार्यसम्पादन नियमावली, २०७४ को नियम १० बमोजिमा नगर कार्यपालिकाको छैटौं बैठक बैठक

अध्यक्षता : का.बा. प्रमुख शकुन्तला बस्नेत दस्तखत

उपस्थिति विवरण :

| क्र.स. | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १ | वडाध्यक्ष | श्री निरेन तामाङ्ग | दस्तखत |
| २ | वडाध्यक्ष | श्री चन्द्रलाल तामाङ्ग | दस्तखत |
| ३ | वडाध्यक्ष | श्री विकास घिमिरे | दस्तखत |
| ४ | वडाध्यक्ष | श्री जम्सेर राई | दस्तखत |
| ५ | वडाध्यक्ष | श्री धनकुमार राई आठपहरिया | दस्तखत |
| ६ | वडाध्यक्ष | श्री नरेश श्रेष्ठ | दस्तखत |
| ७ | वडाध्यक्ष | श्री जंगबहादुर राई | दस्तखत |
| ८ | वडाध्यक्ष | श्री सुमन राई | दस्तखत |
| ९ | वडाध्यक्ष | श्री मनोज राय | दस्तखत |
| १० | वडाध्यक्ष | श्री कमल बहादुर कार्की | दस्तखत |
| ११ | कार्यपालिका सदस्य | श्री जहानश्वरी राई | दस्तखत |
| १२ | कार्यपालिका सदस्य | श्री कल्पना राई | दस्तखत |
| १३ | कार्यपालिका सदस्य | श्री रमा बराल | दस्तखत |
| १४ | कार्यपालिका सदस्य | श्री सुलोचना बसेल | दस्तखत |
| १५ | कार्यपालिका सदस्य | श्री कल्पना थापा | दस्तखत |
| १६ | कार्यपालिका सदस्य | श्री मदन बसेल | दस्तखत |
| १७ | कार्यपालिका सदस्य | श्री सूर्य राई | दस्तखत |
| १८ | कार्यपालिका सदस्य | श्री सर्मिता राई | दस्तखत |
| १९ | सचिव | श्री टीकादत्त राई | दस्तखत |

निर्णय नं. १

सामाजिक  सुरक्षा भत्ता लाभग्राहीले पाउने सुनिश्चितताका लागि लाभग्राहीको व्यक्तिगत खाता खोली बैंकबाट वितरण गर्ने नेपाल सरकारको राष्ट्रिय नीति अनुसार विगतमा यस नगरपालिकामा स्थानीय कृषि विकास बैंक मार्फत भत्ता वितरण गरिदै आएकोमा चालु आर्थिक बर्षको पहिलो चौमासिक निकासा केन्द्रबाट ढिला भएको कारणले यस बर्षको विजयदशमी पूर्व बैंक मार्फत भत्ता वितरण गर्न सम्भव नभएकोले चालु बर्षको पहिलो चौमासिकको सामाजिक सुरक्षा भत्ता एक पटकको लागि नगर कार्यपालिकाको वडासचिवहरु मार्फत वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं. २

नेपालको संविधानको धारा २२७ अनुसार स्थानीय तहको पदाधिकारीहरु (प्रमुख, उपप्रमुख र कार्यापालिका सदस्यहरु) को पारिश्रमिक प्रादेशिक कानून बमोजिम हुने भन्ने व्यवस्था भएको तर प्रदेश सभाको गठन नभई सकेको हुँदा पछि प्रदेश कानूनले निर्धारण गरेपछि सोही बमोजिम हुने गरी शपथ ग्रहण गरेको मिति देखि लागु हुने गरी धनकुटा नगर कार्यापालिकाका पदाधिकारीहरुको मासिक पारिश्रमिक तपसिल बमोजिम निर्धारण गर्ने र चाडपर्व खर्च बापत एक महिना बरावराको मासिक पारिश्रमिक समेत उपलव्ध गराउने र आगामी नगर सभाको बैठकमा अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल :

१. प्रमुखलाई प्रति महिना रु. ४५,०००।-
२. उपप्रमुखलाई प्रति महिना रु. ३५,०००।-
३. वडाध्यक्ष र कार्यपालिकाका सदस्यहरुलाई प्रति महिना रु. २५,०००।-

निर्णय नं. ३

नेपालीहरुको महान चाड विजयादशमी, शुभ दिपावली, नेपाल सम्बत्, छठ तथा  वडाङमेट चाड लगायतका राष्ट्रिय चाडपर्वहरुमा सम्पूर्ण नगरवासीमा शुभकामना प्रकट गर्ने निर्णय सहित आजको बैठक समापन गरियो ।